नेपाल सरकार

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

सिंहदरवार, काठमाडौं

**(स्थानीय तह कर्मचारी प्रशासन शाखा)**

पत्र संख्या : २०८२/८३

चलानी नं :

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

मितिः २०८३/०१/२२

<u>हाजिर हुन जाने बारे अत्यन्त जरुरी सूचना</u>

निजामती सेवा नियमावली, २०५० को नियम ३९ र ४० मा सरुवा भएको कार्यालयमा जानु पर्ने तथा बहाली म्याद सम्बन्धमा स्पष्ट व्यवस्था रहेको छ । यसै सन्दर्भमा यस मन्त्रालयको मिति २०८२/१२/२६ तथा मिति २०८३/०१/०२ गतेको निर्णयानुसार विभिन्न मन्त्रालय/आयोग/केन्द्र वा अन्तर्गत कार्यरत नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरहका कर्मचारीहरुलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ (४) बमोजिम स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको रूपमा कामकाज गर्न खटाइएका कर्मचारीहरू हालसम्म पनि खटाइएको स्थानीय तहहरुमा हाजिर नभएका कारण सेवा प्रवाहमा गम्भीर असर परेको भनी विभिन्न स्थानीय तहबाट निरन्तर गुनासाहरू आइरहेकोले खटाइएका कर्मचारीहरुलाई सात (७) दिन भित्र सम्बन्धित स्थानीय तहमा हाजिर हुन जानु हुन अन्यथा प्रचलित कानुन बमोजिम कारबाही गरिने बेहोरा जानकारी गराइन्छ। साथै, रमाना दिने निकायले समेत समयमै रमाना उपलव्ध गराई आवश्यक सहयोग गरिदिनु हुन अनुरोध छ ।